*Myagdi Guru*
[A Peer-Reviewed, Multidisciplinary and Multilingual Journal]
Volume 6-7, September 2024
p-ISSN 2645-8713; Indexed in NepJOL
http://myagdicampus.edu.np/myagdiguru/
MMC, Beni

*Research Article/ Literature and Crticism*

# गुल्मी दरबार क्षेत्रमा प्रचलित लोककथा “सात भाइकी एक बहिनी”मा लोकविश्वास

**लेखकः शिवशरण ज्ञवाली**
नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल

**Article History:** *Submitted 28 June 2024; Reviewed 15 July 2024; Revised 18 July 2024*

**Corresponding Author:** *शिवशरण ज्ञवाली; Email: shiva.gyawali@hotmail.com*

**Article DOI:** *https://doi.org/10.3126/mg.v7i1.70052*

**Copyright Information:** *Copyright 2024 © The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

## लेखसार

प्रस्तुत आलेख गुल्मी जिल्लाको गुल्मी दरबार क्षेत्रमा प्रचलित “सात भाइकी एक बहिनी” शीर्षकको लोककथामा लोकविश्वासको खोजी कार्यमा आधारित रहेको छ । लेखका प्राथमिक सामग्री उक्त लोककथामा रहेका स्वैरकल्पना, लोकधर्म, जादु, व्यक्तित्वकरण र लोकरीति रहेका छन् भने द्वितीयक सामग्री पुस्तक अध्ययनबाट तयार पारिएको स्वैरकल्पना, लोकधर्म, जादु, व्यक्तित्वकरण र लोकरीतिसम्बन्धी सिद्धान्त हुन् । गुल्मी दरबार क्षेत्रमा प्रचलित यो लोककथामा माछाले, सर्पले, बाघका बच्चाले सङ्कटमा परेका बेला नन्दलाई सघाएको स्वैरकाल्पनिक कुरा आएको छ । दाजुहरू बिहे गरेर बहिनीको जिम्मा श्रीमतीहरूलाई लगाएर विदेशिएका छन् । माछा चाल्नाका प्वालमा लुकेर बस्नु, सर्पले नाम्लो र जिउरोको काम गर्नु, बहिनी बाकसमा लुक्नुजस्ता जादु प्रयोग भएको छ । यो लोककथामा माछा, सर्प, बाघको व्यक्तित्वकरण गरिएको छ । नन्दलाई भाउजूहरूले माया र हेला गर्ने, हेला गर्नेलाई पानी नघाएर दण्ड दिनेजस्ता लोकरीति पालन भएको पाइन्छ । लोकविश्वासको प्रयोगले लोककथा रोचक बनेको छ । त्यसैले लोककथाले श्रोतालाई भरपूर मनोरञ्जन दिनुका साथै सानालाई माया गर्नुपर्छ भन्ने शिक्षा पनि दिएको छ । उक्त लोककथामा लोकविश्वासका सबै मान्यताहरू प्रयोग भएको निष्कर्ष लेखले निकालिएको छ ।

**शब्दकुन्जीः** टुनामुना, जन्तरमन्तर, फुकफाक, व्यक्तित्वकरण, अधिकृत सत्य

## विषयपरिचय

गुल्मी दरबार गुल्मी जिल्लाका दश पालिकामध्ये एक गाउँपालिका हो । यो गाउँपालिकामा दरबार देविस्थान, अमर अर्वाथोक, गैडाकोट, जुभुङ, बीरबास, बलिथुम लगायतका गाउँहरू पर्दछन् । यो गाउँपालिका क्षेत्रमा विभिन्न लोककथा प्रचलित छन् । त्यस्ता लोककथामध्ये ‘सात भाइकी एक बहिनी’ लोककथाको विश्लेषण प्रस्तुत अध्ययन पत्रमा गरिएको छ ।

लोककथा लोकसाहित्यको एक लोकप्रिय गद्य विधा हो । यसमा घटना वा विषयको प्रधानता रहन्छ । साथै पात्र, कथोपकथन, परिवेश, भाषाशैली आदि मिलेर लोककथा निर्माण हुन्छ । अभिप्राय, लोकविश्वासजस्ता अन्तर्निहित र सूक्ष्म तत्वहरू पनि लोककथाका विशिष्टता हुन् । लोककथाले समाजलाई शिक्षा तथा मनोरञ्जन प्रदान गर्दछ । यो लोककथामा परिवारमा नन्द र भाउजूहरूका बीचमा हुने माया र घृणाको सम्बन्धलाई रोचक पाराले प्रस्तुत गरिएको छ । त्यसैले कथाको विषयवस्तु पारिवारिक रहेको छ । नराम्रो गर्नेहरू दण्डित हुनुपर्ने र राम्रो गर्नेहरू पुरस्कृत हुन्छन् भन्ने सन्देश कथाले व्यक्त गरेको छ ।

लोककथामा लोकविश्वासको अभिव्यक्ति हुन्छ । लोकविश्वासअमूर्त संस्कृति हो । मान्छेका चालचलन, मान्यता, स्वैरकल्पना, तन्तरमन्तर, जादु, लोकधर्म, लोककला आदिलोकविश्वास हुन् । गुल्मी दरबार क्षेत्रमा प्रचलित उल्लिखित लोककथामा लोकविश्वासको प्रयोग के कस्तो छ भन्ने विषय नै यो अध्ययन पत्रको समस्या हो । अध्ययन पत्रले उक्त लोककथामा लोकविश्वासको खोजी गर्ने उद्देश्य राखेको छ । यस्तो अध्ययन त्यस क्षेत्रका लोककथामा  हालसम्म कहीँ कतै नभएकाले अध्ययनको आवश्यकता देखिन्छ । गुल्मी जिल्लाको गुल्मी दरबार क्षेत्रको एउटा मात्रै लोककथामा लोकविश्वासको अध्ययन गर्नु नै अध्ययन पत्रको सीमा हो ।

## अध्ययन विधि

अध्ययन विधिमा सामग्री सङ्कलन विधि, सैद्धान्तिक आधार, अवधारणा ढाँचा र सामग्री विश्लेषण विधि रहेका छन् ।  उल्लिखित विधिका आधारमा गुल्मी दरबार क्षेत्रमा प्रचलित सात भाइकी बहिनी लोककथाको विश्लेषण गरिएको छ ।

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्रमा प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । दुवै सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । गुल्मी दरबार क्षेत्रमा प्रचलित “सात भाइकी एक बहिनी” लोककथा यो अध्ययनको प्राथमिक सामग्री हो । यसको सङ्कलन गुल्मी दरबारस्थित ईश्वरी माध्यमिक विद्यालय चारपाला गुल्मीको स्मारिका २०६३ बाट साभार गरेर गरिएको हो । उक्त स्मारिका लोककथालाई लिपिवद्ध गर्ने काम कमल अर्यालले गरेका छन् । यो लोककथामा रहेका स्वैरकल्पना, लोकधर्म, जादु, व्यक्तित्वकरण र लोक रीतिरिवाजसँग सम्बन्धित सूचकहरू नै अध्ययनका प्राथमिक सामग्री हुन् । यी प्राथमिक सामग्रीको खोजी विश्लेषण गर्नका लागि लोकविश्वास सम्बन्ध विभिन्न पुस्तकहरूको अध्ययन गरेर सङ्कलन र संश्लेषण गरिएको हो । त्यही सिद्धान्त यो अध्ययन पत्रको द्वितीयक सामग्री हो ।

## सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययन पत्रको सामग्री विश्लेषण विधिमा अध्ययन पद्धति र विधि, सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचा रहेका छन् ।

## अध्ययन पद्धति र विधि

प्रस्तुत अध्ययन पत्रले गुल्मी दरबार क्षेत्रमा प्रचलित ‘सात भाइकी एक बहिनी’ शीर्षकको लोककथाको छनोट गरेको छ । यो लोककथाको छनोट यादृच्छिद नमुना छनोट पद्धतिबाट गरिएको छ । सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । यो अध्ययन पत्रले उल्लिखित लोककथामा लोकविश्वासको खोजी गर्दा गुणात्मक पद्धति अपनाएको छ । व्याख्या, वर्णन, विश्लेषणजस्ता विधिबाट उक्त लोककथाको अध्ययन गरिएको छ ।

## सैद्धान्तिक ढाँचा

लोककथा लोकसाहित्यको गद्य आख्यानात्मक विधा हो । लोककथालाई दन्त्यकथा, कथाकुथुङ्ग्री, सास्तर, भन्ने कथा आदि नामले चिनिन्छ । सामान्यत: लोकजीवनका आस्था, विश्वास, व्यवाहर र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यानतत्वको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित

परम्परित कथाहरू नै लोककथा हुन् (पराजुली, २०७१ : १५) । यस्ता लोककथामा लोकआस्था, लोकविश्वास, लोकसंस्कृतिजस्ता कुराहरू प्रतिबिम्बित भएका हुन्छन् ।

लोकका परम्परागत मूल्यमान्यता तथा व्यवहार नै लोकविश्वास हुन् । अधिकांश लोकविश्वास वैज्ञानिक दृष्टिले 'निम्सरा' भए प्रभावकारी हुन्छन् (पोखरेल, २०७७) । लोकविश्वास अमूर्त हुन्छन् । यिनको अनुभूति त गर्न सकिन्छ तर देख्न र स्पर्श गर्न सकिन्न (लामिछाने, २०७७ : ४४) । अनुभूति मानसिकहुन्छ । मनोविश्लेषक कार्ल गुस्ताभ युङ्गका अनुसार आद्यबिम्बको प्रतीकात्मक अभिव्यक्ति नै पुराकथा र परीकथा हुन् (त्रिपाठी, २०५८ : २०६) । यसैले लोकविश्वासको स्रोत लोकमानस हो ।....कसैले यसलाई विचारात्मक प्रतिबिम्ब त कसैले विचार नै भनेका छन् (घर्ती, २०७९ : १३७) । मानव मनमात्रै नभएर व्यवहारपनि लोकविश्वास हो । त्यस्तो व्यवहार मानवनिर्मित हुन्छ (पौड्याल, २०७८ : ३०) । त्यसैले मनोबिम्ब र व्यवहार नै लोकविश्वास हो । त्रिविको नेपाली विषयको दर्शनाचार्य तहको 'लोकवार्ता र लोकसाहित्य' पाठ्यक्रमको पाठ्यांशमा लोकपरम्परा, लोकप्रथा, लोकरीतिरिवाज, लोधधर्म, लोकअनुष्ठान, लोकोपचार, लोकयुक्ति, जादु, टुनामुना, स्वैरकल्पना, लोककलालाई लोकविश्वास भनिएको छ (लोकवार्ता र लोकसाहित्य पाठ्यक्रम, २०७८ : १७) । पाठयांशमा प्रयुक्त कतिपय शब्दले एउटै कुरालाई बुझाउँछन् । पशुप्राणी र वस्तुको व्यक्तित्वकरण पनि लोकविश्वास हो (पराजुली र गिरी, २०८० : १८०) । प्रस्तुत अध्ययनमा स्वैरकल्पना, लोकधर्म, जादु र टुनामुना, पशुप्राणी र वस्तुको व्यक्तित्वकरण, लोक रीतिरिवाज तथा परम्परालाई सैद्धान्तिक आधार मानिएको छ । लोककथामा प्रयोग गरिने अतिरन्जित तथा अतिप्राकृतिक कुरा नै स्वैरकल्पना हो, जसमा असम्भाव्य सम्भावनाहरूमार्फत सामान्य स्वीकृत, मानक, स्थापित, अधिकृत सत्य एवं तथ्यको अतिक्रमण वा उल्लङ्घन गरिन्छ (शर्मा, २०६३ : ४४५) । यसले यथार्थको अतिक्रमण गर्दछ । यस्तो यथार्थ भत्काउँदा सम्भव कुराको प्रयोग गरेर यथार्थ भत्काई असम्भवभन्दा पनि असम्भव कुरालाई सम्भव तुल्याउँछ (पराजुली, २०५७ : ३९) । यसरी असम्भवलाई सम्भव तुल्याउनु नै स्वैरकाल्पनिक कुरा हो । त्यसक्रममा सम्भवकै माध्यमबाट असम्भव कुरालाई सम्भव तुल्याउँछ । साहित्यमा स्वैरकल्पनाको प्रयोग मनोरञ्जन दिने, पलायन गराउने र भिन्न दृष्टिकोणका माध्यमबाट सत्य अन्वेषण गर्ने उद्देश्यले गरिन्छ (शर्मा, २०६६ : २२४) । लोकका धर्म, अनुष्ठानहरू लोकधर्म हुन् । ....सामान्य चालचलन, रीतिरिवाज र लोकविश्वासगत तन्त्रमन्त्र, फुकफाक एवं मिथकजस्ता कुराहरू यसमा पर्दछन् ।....एकातिर यसमा तन्तरमन्तर छ, फुकफाक छ र धामीझाँक्री छ, अर्कोतिर आफ्नै प्रकारका पूजापाठ र भाकल छ, उपवास र ध्यान छ इत्यादि (सुवेदी, २०७९ : २५७-२५८) । जादु भनेको एक प्रकारको चटक वा अनौठो काम हो । कैयौं असम्भव कुराहरू, कार्यहरू वा घटनाहरू आदि आफ्नो लगनशील अभ्यास र हस्तकौशलद्वारा सफल पारिन्छ ।....मानिस आदि वस्तुलाई अदृश्य गर्नु....वस्तुहरूको देख्दा देख्दै रूप परिवर्तित गर्नु जादु हुन् (सुवेदी, २०५५ : २०५-२१०) । लोकसाहित्यमा लौकिक अलौकिक मानवेत्तर प्राणी तथा निर्जीव वस्तुलाई समेत व्यक्तित्व प्रदान गर्ने कार्य व्यक्तित्वकरण हो (पराजुली र गिरी, २०८० : १८०) । यसले मानवेत्तर प्राणी र निर्जीव वस्तुमा मानवीय गुण देखाउँछ । लोकरीतिमा जीवनका संस्कार, चाडपर्वहरू, व्रत, उपवास, पूजाआजा, सम्मान र अभिवादन, धर्म, विश्वास र मान्यता पर्दछन् (बन्धु, २०७४ : १६) । उल्लिखित यिनै कुराहरू नै लोकविश्वास हुन् । यही सिद्धान्तका आधारमा प्रस्तुत अध्ययन पत्रमा 'सात भाइकी एक बहिनी' लोककथाको विश्लेषण गरिएको छ ।

## "सात भाइकी एक बहिनी" लोककथाको विश्लेषण

"सात भाइकी एक बहिनी" लोककथा सामाजिक विषयवस्तुमा आधारित रहेको छ । सात भाइहरूले

बिहे गरेर बहिनीलाई भाउजूहरूको जिम्मा लगाई परदेश जान्छन् । दाजुहरू परदेश गए पछि कान्छी भाउजू बाहेक अन्य छ वटीले नन्दलाई दिनु दुःख दिन्छन् । पहिला उनीहरूले चाल्नामा पानी ल्याउन भनेर पठाउँछन् । माछाको सहयोगले नन्दले चाल्नामा पानी ल्याउन सफल हुन्छे । त्यसपछि उनीहरूले बिना नाम्लो, डोको दाउरा ल्याउन पठाउँछन् । नन्दले सर्पलाई नाम्लो र जिउरो बनाएर दाउरा ल्याउँछे । त्यसपछि उनीहरूले बाघ दुध ल्याउन पठाउँछन । बाघका बच्चाको सहयोगले उसले दुध पनि लिएर आउँछे । त्यसपछि उनीहरूले काँडाको फूल लिन पठाउँछन् । जङ्गलमा गएर काँडाको फूल टिप्न रुख चढेका बेला त्यही रुखमुनि बास बस्न आइपुगेका आफ्ना दाजुहरूसँग भेट हुन्छ । दाजुहरूले बहिनीसँगबाट सब बेलीबिस्तार सुनिसकेपछि बहिनीलाई लुकाएर घर ल्याउँछन् । घर आएर भाउजूहरूलाई पानी नाध्न लगाउँछन् । यसरी पानी नाध्न लगाएका मध्ये हेला गर्ने छ भाउजूहरू मर्छन् भने कान्छीले मात्रै पानी नाध्न सक्छे । त्यसपछि सात भाइ, एक भाउजू र बहिनी सुखपूर्वक बस्दछन् । यही लोककथामा प्रयुक्त लोकविश्वासको विश्लेषण आगामी प्रकरणमा गरिएको छ । साथै यो लोककथा परिशिष्टमा पनि समावेश गरिएको छ । यो लोककथामा लोकविश्वासको विश्लेषण स्वैरकल्पना, जादु, लोकधर्म, व्यक्तित्वकरण र लोकरीतिजस्ता लोकविश्वासका सैद्धान्तिक मानदण्डका आधारमा पाठपरक तरिकाले गरिएको छ ।

### लोककथामा प्रयुक्त स्वैरकल्पना

स्वैरकल्पनाले सम्भव कुराको प्रयोग गरेर असम्भव कुरालाई सम्भव तुल्याउँछ । लोककथालाई रमाइलो तुल्याएर मनोरन्जन प्रदान गर्न यस्तो शैली प्रयोग गरिन्छ । 'सात भाइकी एक बहिनी' कथामा चाल्नामा पानी ल्याउनु, बिना नाम्लो डोको दाउरा ल्याउनु, बाघको दुध ल्याउनु जस्ता स्वैरैकाल्पिनिक प्रवृति छन् । नन्द र भाउजूको सम्बन्ध लोकसमाजमा प्रेम घृणाको हुन्छ । त्यही सत्य कुरा देखाउनका लागि यो लोककथामा भाउजूहरूले नन्दलाई असम्भवप्रायः कामहरू लगाएर दुःख दिएका छन् । माया गर्ने कान्छी भाउजूको भूमिका निस्क्रिय छ । ऊ बाट घटनाले गति लिन सक्दैन । यी फरकफरक अभिप्रायहरूले लोककथालाई रोचक बनाएका छन् ।

दाजुहरू विदेश हिंडेपछि छ वटी भाउजूले नन्दलाई आदेश दिदैं भन्छन्, "जा राँड ! चाल्नामा पानी लिएर आइज (पृ.३२) ।"

चाल्नो अन्न चाल्नका लागि बनाइएको प्वालैप्वालको भाँडो हो । चाल्नामा पानी अडिदैंन । खाद्यवस्तु र अन्य वस्तु छुट्टाउनका लागि लोकजीवनमा यसको उपयोग गरिन्छ । यो किसानहरूको अन्न स्याहार्ने एउटा साधन हो । यसमा ठोस वस्तुमात्रै अड्छ । अन्न र अन्य विजातीय पदार्थ छुट्टाउनका लागि यसको प्रयोग गरिन्छ । प्वालैप्वालको भाँडोमा तरल पदार्थ अडिने कुरै भएन । चाल्नो यहाँ अभिप्रायको अर्थ प्रष्टाउन प्रयोग भएको छ ।

लोकजीवनमा 'भाग्य छ भन्दैमा चाल्नामा दुध अडिदैंन' भन्ने उखानै छ । दुध नअडिने चाल्नामा पानी अडिने कुरै हुँदैन । तर भाउजूहरूले दिएको आदेश पालन गरेर नन्दले ज्यान जोगाउने प्रयास त गर्नैपर्‍यो । त्यही भएर नन्द ज्यान जोगाउनका लागि चाल्नो बोकेर पँधेरातिर लाग्छे ।

भाउजूहरूको आदेशपछि चाल्नामा पानी लिन हिडेकी अबोध नन्दले चाल्नामा पानी उबाउन अनेक पटक प्रयत्न गरेकी छ । जतिपटक प्रयत्न गरे पनि चाल्नामा पानी नअडिए पछि ऊ धुरुधुरु रुन थाल्छे । उसको रुवाइ माछाले सुन्छन् । अनि माछाले किन रोएको भनेर सोध्दा नन्दले भाउजूहरूले चाल्नामा पानी ल्याउन अह्राएको बताउँदै भन्छे, "सातै भाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिनु दुःख दिएका छन् (पृ.३२) ।"

त्यसपछि माछाहरूले भन्छन्, "हामी यो चाल्नाका सम्पूर्ण दुलोमा बस्छौं । अनि तिमीले चाल्नामा पानी भरेर लैजाऊ । तिम्रो घरमा पुगेपछि हामी सुटुक्क आउँछौं (पृ.३२) ।"

त्यसपछि माछाहरू चाल्नाको प्वालमा बसिदिन्छन्। माछाहरूको सहयोगले नन्द चाल्नामा पानी लिएर घर आउन सफल हुन्छे। चाल्नाका प्वालमा माछा बसेको कुरा उसलाई बाहेक अरुलाई थाहा हुँदैन। घर पुगेपछि माछा सुटुक्क फर्किन्छन्। यसरी नन्दले माछाको सहयोगले आफूमाथि आइपरेको सङ्कट टार्छे।

मार्ने नियतले खोलामा पठाइएकी नन्दले चाल्नामा पानी ल्याएको भोलिपल्ट फेरि छ वटी भाउजूहरूले आदेश दिन्छन्, "जा राँड ! बिना नाम्लो बिना डोको एक भारी दाउरा लिएर आइज (पृ. ३२)।"

दुःख दिने उद्देश्यले भाउजूहरूले नन्दलाई बिना डोको र बिना नाम्लो दाउरा लिन पठाए। नन्दलाई बिना डोको र नाम्लो भारी आउँदैन भन्ने राम्ररी थाहा छ तर ज्यान जोगाउने प्रयास त गर्नैपर्‍यो। त्यसैले ऊ जङ्गल जान्छे। दाउरा पनि काट्छे। नाम्लो र डोको नभएपछि ऊ रुन थाल्छे। ऊ रोएको सर्पले सुन्छन् र किन रोएको भनेर सोध्छन्। उसले पुरानै कुरा दोहोर्‍याउँदै जवाफ दिन्छे, "सातै भाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिनु दुःख दिएका छन्। बिना नाम्लो डोको दाउरा लिन पठाछन् (पृ.३२)।"

त्यसपछि सर्पले भन्छन्, "हामी मध्ये एउटालाई नाम्लो बनाऊ अनि अर्कोलाई जिउरो बनाऊ र भारी बाँधी घर लिएर जाऊ। हामी घर पुगेपछि सुटुक्क फर्कन्छौँ (पृ.३२)।"

अनि नन्दले सर्पलाई नाम्लो र जिउरो बनाएर एक भारी दाउरा ल्याउँछे। दाउरा घर ल्याइपुर्‍याए पछि सर्प सुटुक्क फर्कन्छन्।

लोकजीवनमा डोकोमा नाम्लो लगाएर दाउराको भारी ल्याइन्छ। बिना डोको नाम्लो भारी बनाउन सकिदैंन। लोककथामा त नन्दले बिना नाम्लो डोको दाउराको भारी ल्याएकी छ। बिना नाम्लो बिना डोकोको भारी आफैमा एउटा अभिप्राय हो। मान्छे र सर्पका बीचमा कि पूज्य सम्बन्ध कि त निषेधको सम्बन्ध हुन्छ। तर यो लोककथामा त सर्प दाउराको भारी बाँध्ने नाम्लो र जिउरो भएका छन्। यहाँ न त पूज्य सम्बन्ध छ न त निषेधको नै छ। यहाँ दुःखी मानव पात्रलाई सघाउने सहयोगी बनेर मानवेत्तर पात्र सर्प देखिएका छन्। मानवीय पात्र भाउजूहरूबाट प्रताडित नन्दलाई मानवेत्तर सजीव पात्र सर्पले सहयोग गरेको पाइन्छ।

मार्ने नियतले पठाइएकी नन्दले सजिलै बिना नाम्लो बिना डोको दाउरा ल्याएको देखेपछि दुःख दिने मनसायले फेरि भाउजूहरू भन्छन्, "जा राँड ! बाघको दुध लिएर आइज"(पृ.३३)।

मान्छेले बाघजस्तो हिंस्रक जनावरको दुध लिएर आउने कुरा असम्भव हो। तर पनि भाउजूले आदेश दिएपछि नन्द ज्यान जोगाउन बाघको दुध खोज्न हिड्नै पर्‍यो। बाघको दुध लिन भनेर जङ्गल गएकी नन्द वनमा पुगेपछि रुन थाल्छे। ऊ रोएको बाघका बच्चाले सुन्छन् र रुनुको कारण सोध्छन्। नन्दले भाउजूहरूले दुःख दिदैं बाघको दुध लिएर आउन भनेको बताउँदै भन्छे, "सातै भाइ दाजु परदेशै छन् नि, छ वटी भाउजूले दिनु दुःख दिएका छन् (पृ.३३)।"

उसको कुरा सुनेपछि बाघका बच्चाहरूले भन्दछन्, "तिमी अहिले यही बस। हामी गएर आमासँग पातमा दुध मागेर ल्याउँछौँ। अनि एउटा ख्याल चाहि गर। राति यहाँ ढुङ्गा हजम माटो हजम भन्दै कोही आउँछ। नडराइ बस्नु (पृ. ३३)।"

रातभर नन्द जङ्गलमा नडराईकन बस्छे। आफूजस्तै सानो उमेरका मान्छेका बच्चालाई बाघका बच्चाहरूले सहयोग गर्दछन्। उनीहरूले भोलिपल्ट उज्यालो हुने बेला पातमा बघिनीको दुध ल्याएर नन्दलाई दिन्छन्। यसरी नन्द बाघको दुध ल्याउन सफल हुन्छे।

बाघ हिंस्रक र मांसाहारी जनावर हो। यथार्थ जीवनमा बाघले मान्छेलाई पनि खान्छ। त्यसैले मान्छेले उसको दुध ल्याउने कुरा असम्भव हो। तर

लोककथामा त बाघका बच्चाले मानिसलाई आफ्नी आमाको दुध ल्याएर सहयोग गर्छन् । अमानवीय चरित्र देखाएका भाउजूहरूलाई बाघका बच्चाले मानवीय गुण देखाएर जवाफ पुऱ्याइदिन्छन् । बाघको दुध ल्याएको देखेर रिसाउँदै भाउजूहरूले भन्छन्, "अहो ! यो राँडले त बाघको दुध पनि लिएर आइ नि (पृ.३३) ।"

बाघको दुध ल्याएपछि दुःख मनाऊ गर्दै फेरि छ वटी भाउजूहरूले भन्छन्, "जाँ राँड काँडा भएको फूल टिपेर ले (पृ. ३३) ।" काँडाको रूखमा फूल फुल्न सक्छ । काँडाको फूल हुन सक्दैन । यो एउटा अभिप्राय हो । अतिरञ्जना हो । नन्दले ज्यान त जोगाउनै पऱ्यो । त्यही भएरु ऊ रुँदैरुँदै काँडाको फूल लिन जङ्गलतिर जान्छे ।

काँडाको फूल टिप्न रुखमा चढ्दा उसलाई काँडाले कोतऱ्यो । तापनि उसले फूल टिपी । त्यहीबेला सातजना मानिसहरू त्यही काँडाको फूलको बोटमुनि आइ खाना पकाइ खान थाले । खाना खाइरहेको बेला बहिनीको आँसुको एक ढिक्का साइला दाइको भागमा खस्यो । आँसु आफ्नो खानामा परेपछि रुखतिर हेर्दा उसले बहिनीलाई देख्यो । बहिनीलाई रुखबाट ओराले पछि दाइहरूले सोध्छन्, "बहिनी तिमी यहाँ किन आएको ?" (पृ.३३) ।

यसरी जङ्गलमा अचानक परदेशबाट आएका दाजुहरू र काँडाको फूल टिप्न गएकी बहिनीको भेट हुन्छ । त्यही भेटमा उनीहरूले बहिनी जङ्गल आउनुको कारण सोध्छन् ।

बहिनीले दाइहरूसँग आफ्नो अवस्था बेलीबिस्तार लगाउँदै भन्छे, "भाउजूहरूले मलाई काँडाको फूल टिपेर ल्याउन भन्नुभएकोले म यहाँ आएकी हुँ (पृ. ३३) ।"

दाइहरूले बहिनीलाई बाकसमा लुकाएर घर ल्याउँछन् । घर आएर उनीहरूले बहिनी खोइ भनेर सोध्छन् । भाउजूहरूले बडो मीठो जवाफ दिदैं भन्छन्, "अघि भर्खर चारी खेल्दै हुनुहुन्थ्यो । अहिले कता जानुभयो कुन्नि (पृ.३३) ।"

त्यहाँ दाइहरू र भाउजूहरूका बीचमा पानीको सीमाना हुन्छ । दाइहरूले भाउजूहरूलाई पानी नाध्न लगाउँछन् । पानी नाध्न नसकेर नन्दलाई दुःख दिएका छ वटी भाउजूहरू मर्छन् । कान्छीले दुःख नदिएकाले उसले मात्रै पानी नाध्न सक्छे ।

यसरी यो लोककथामा अनेक खाले स्वैरकाल्पिक कुरा आएका छन् । आफ्ना भाउजूहरूबाट दुःख खेपेकी नन्दले माछा, सर्प, बाघजस्ता मानवेत्तर पशुप्राणीबाट सहयोग पाएकी छ । यी असाधारण शक्तिले युक्त पात्रहरू हुन् । यी मानवेत्तर तर सजीव पात्रहरूले मान्छेलाई सहयोग गरेका छन् । मानवीय गुण देखाएका छन् । मान्छेले मान्छेलाई अप्ठ्यारोमा पारेको बेला प्रकृतिका कुनै न कुनै प्राणीले उसलाई सहयोग गर्दछन् भन्ने सन्देश प्रस्तुत गर्न यहाँ स्वैरकल्पनाको प्रयोग भएको छ । यस्ता स्वैरकल्पनाले लोककथालाई मनोरञ्जनपूर्ण बनाएका छन् ।

## लोककथामा प्रयुक्त जादु

जादु भनेको अनौठो काम वा कुरा हो । जादुमा पशुप्राणी वा कुनै वस्तु अदृश्य रूपमा काम गर्न सक्छन् । 'सात भाइकी एक बहिनी' शीर्षकको चाल्नामा पानी ल्याउनु, बिना डोको नाम्लो दाउराको भारी ल्याउनु, बाघको दुध ल्याउनु अनौठा काम हुन् । त्यसैले यो लोककथाका विभिन्न घटनामा जादुको प्रयोग भएको पाइन्छ ।

भाउजूहरूले नन्दलाई चाल्नामा पानी लिन पठाउँछन् । प्वालैप्वालको झिल्लीयुक्त चाल्नामा पानी ल्याउन सकिने त कुरै भएन । त्यतिबेला माछा आफ्नो स्वरूप बदलेर चाल्नाको प्वालमा बसिदिन्छन् । माछाले नन्दलाई भन्छन्, "हामी चाल्नाको प्वालमा बसिदिन्छौं । तिमी पानी लिएर जाऊ । घर पुगेपछि हामी सुटुक्क फर्कन्छौँ (पृ. ३२)।"

माछा अदृश्य तरिकाले चाल्नाको प्वालमा बसेका

हुन्छन् । त्यो अदृश्यता नन्द र माछा बाहेक अरु कसैलाई थाहा हुँदैन । यसरी रूप बदलेर माछा चाल्नो बनिदिन्छन् र पानी ल्याउने अनौठो काम सम्पन्न हुन्छ । अदृश्य बनेर वा रूप बदलेर माछाले नन्दलाई पानी ल्याउन सहयोग गर्दछन् ।

चाल्नामा पानी ल्याए पछि भाउजूहरूले उसलाई बिना डोको र नाम्लो एक भारी दाउरा वनबाट ल्याउन भन्दछन् । वनमा गएर दाउरा काटेपछि डोको र नाम्लो नभएकाले नन्द धुरुधुरु रुन थालेपछि सर्पले भन्छन्, "हामीमध्ये एक नाम्लो र एक जिउरो बनिदिन्छौँ अनि घर पुगेपछि सुटुक्क फर्कन्छौँ (पृ. ३२) ।"

सर्प नाम्लो र जिउरो बनेको अरु कसैले पनि थाहा पाउँदैनन् । सर्पको रूप नाम्लो र जिउरोमा फेरिन्छ । त्यो आफ्नो रूप बदलेको कुरा सर्प स्वयं र नन्दलाई बाहेक अरु कसैलाई थाहा हुँदैन । सर्पले आफ्नो स्वरूपलाई नाम्लो र जिउरोमा रूपान्तरण गर्दछन् । यसरी एउटा प्राणी अर्को वस्तुमा परिवर्तित हुन्छ । मानवेत्तर सजीव प्राणी सर्प मानवेत्तर निर्जीव वस्तु जिउरो र नाम्लोमा परिणत हुन्छन् । नन्दका लागि ती नाम्लो र जिउरो भए पनि भाउजूहरूका लागि ती अदृश्य हुन्छ । भाउजूहरूका दृष्टिमा त नन्दले बिना नाम्लो र डोको एक भारी दाउरा ल्याएको देखिन्छ । वास्तवमा उसले दाउरा सर्पहरूलाई जिउरो र नाम्लो बनाएर ल्याएकी थिई ।

काँडाको फूल टिप्न रूखमा चढेका बेला बहिनी र दाजुहरूको भेट हुन्छ । अनि दाजुहरूले बहिनीलाई परदेशबाटै ल्याएको बाकसमा लुकाएर घर ल्याउँछन् (पृ. ३३) । मान्छे बाकसमा लुकाउन सकिने जिनिस होइन । आवश्यकता अनुसार नन्द स्वयंले आफ्नो रूप बदलेकी छ ।

यसरी यो लोककथामा पानी ल्याउँदा माछा अदृश्य बनेका छन् । तिनले आफ्नो रूप पनि बदल्छन् । यसैगरी सर्प पनि अदृश्य र रूप बदलेर काम गरेका छन् । नन्द पनि आफ्नो रूपमा परिवर्तन ल्याउने काममा सफल हुन्छे । यी कुरा भनेका जादु हुन् । त्यसैले यो लोककथामा जादुको पनि प्रयोग भएको छ । मानवेत्तर सजीव पात्र र मानवीय पात्र दुवैमा जादुको प्रयोग छ ।

## लोककथामा प्रयुक्त व्यक्तित्वकरण

लोककथामा मानवेत्तर पशु र निर्जीव वस्तु वा पदार्थको समेत व्यक्तित्वकरण गरिएको हुन्छ । 'सात भाइकी एक बहिनी' शीर्षकको कथामा मानवीय र मानवेत्तर पशुप्राणी पात्र प्रयोग छ । यो लोककथामा मानवेत्तर पात्रको व्यक्तित्वकरण गरिएको छ । व्यक्तित्वकरण गरिएका मानवेत्तर पशुप्राणीमा माछा, सर्प र बाघ रहेका छन् ।

चाल्नोमा पानी ल्याउन नसकेर रोइरहेकी नन्दलाई माछाले सोध्छन्, "तिमी किन रोइरहेकी छौँ (पृ. ३२)?" वास्तविकता थाहा पाए पछि माछा सहयोगका लागि अगाडि सर्छन् । माछाले भन्छन्, "हामी चाल्नाको प्वालमा बसिदिन्छौँ । घर पुगेपछि हामी सुटुक्क फर्किन्छौँ (पृ. ३२) । माछाले मानिसलाई रुनुको कारण सोध्नु र घरसम्म पानी ल्याउन सहयोग गर्नु व्यक्तित्वकरण हो ।

फेरि बिना डोको र नाम्लो एक भारी दाउरा ल्याउन नसकेकी नन्द जङ्गलमा रुन थाल्छे । सर्पले उसलाई रुनुको कारण सोध्छन्, "तिमी किन रोएकी (पृ.३२) ।" वास्तविकता थाहा पाए पछि सर्प नाम्लो र डोको बनेर सहयोग गर्ने वचन दिदैं भन्छन्, "हामी नाम्लो र डोको बनिदिन्छौँ अनि घर पुगेपछि सुटुक्क फर्कन्छौँ (पृ.३२)।" यसरी सर्पको सहयोगमा नन्दले जङ्गलबाट दाउरा लिएर आउँछे । सर्पले मान्छेलाई सहयोग गर्नु पनि व्यक्तित्वकरण हो । मान्छेले अमानवीय वा पाशविक चरित्र देखाएर अबोध बालिकालाई दुःख दिंदा सर्पले मानवीय चरित्र देखाएर उसलाई सहयोग गरेका छन् ।

फेरि भाउजूहरुले नन्दलाई बाघको दुध लिन पठाउँछ । असहाय भएर वनमा गई रोएकी नन्दलाई बाघका बच्चाहरूले सोध्छन्, "किन

रोएकी (पृ. ३३) ?" नन्दले आफूलाई भाउजूहरूले दुःख दिन बाघको दुध ल्याउन भनेको कुरा बताए पछि वनमा नडराईकन रातभर बस्न अनुरोध गर्दै भन्छन्, "नरोऊ नानी। हामीहरु गएर आमासँगबाट दुध ल्याइदिन्छौँ । ख्याल गर्नु राति यहाँ ढुङ्गा हजम, माटो हजम भनेर आउँछन् । नडराइ बस्नु (पृ. ३३) ।" बाघका बच्चाहरूले भनेजस्तै नन्द नडराइकन रातभर जङ्गलमा बस्छे । बिहानपख बाघका बच्चाहरूले आफ्नी आमाको दुध पातमा हालेर ल्याइदिन्छन् । यो घटनामा पनि बाघका बच्चाहरूले मानिसलाई सहयोग गरेको पाइन्छ ।

यसरी प्रस्तुत कथामा माछा, सर्प र बाघको व्यक्तित्वकरण गरिएको छ । उनीहरूमा मानवीय गुण भरिएको छ । मान्छेको आत्मा भरिएको छ । आफ्नी भाउजूबाट दुःख पाएकी नन्दले माछा, सर्प, बाघजस्ता पशुप्राणीबाट सहयोग पाएकी छ । यसरी सहयोग गर्ने ती प्राणीहरूको व्यक्तित्वकरण कथामा गरिएको छ ।

## लोककथामा प्रयुक्त लोकधर्म

लोकले मान्ने वा गर्ने कर्म नै लोकधर्म हुन् । 'सात भाइकी एक बहिनी' कथामा सात दाजुहरूले बिहे गरेर बहिनीलाई भाउजूहरूको जिम्मा लगाएर छाड्छन् । सानी बहिनीलाई एक्लै नछाड्नु उनीहरूको कर्तव्य हो । भाउजूहरूमध्ये कान्छीले मात्रै नन्दलाई माया गरेकी छ भने अन्यले हेला गरेका छन् । आफूभन्दा सानालाई माया गर्नु धर्म हो भने हेला गर्नु पाप हो ।

बाँकी छ वटी भाउजूहरूले नन्दलाई 'दिनु दुःख' दिए । नन्दले वनमा गएर पशुप्राणीसँग पटकपटक रुँदै गुनासो गर्छे, "सातै भाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिनु दुःख दिएका छन् (पृ. ३२) ।"

अप्ठ्यारोमा परेका जो कोहीलाई पनि सहयोग गर्नु मानिसको कर्तव्य हो । यो लोककथामा यस्ता कर्तव्य चाल्नाका प्वालमा बसेर पानी ल्याउन सहयोग गर्ने माछा, नाम्लो र जिउरो बनेका सर्प र आफ्नी आमासँग दुध मागेर ल्याइ नन्दलाई सहयोग गरेका बाघका बच्चाहरूले पालन गरेका छन् । मानिस एक्लो हुँदैन । संसारमा कोही न कोही कसै न कसैको सहयोगी हुन्छ भन्ने सन्देश कथाले मानवेत्तर पात्र पशुप्राणीबाट दिएको छ ।

परदेशबाट फर्किएका दाजुहरूले आफूहरू नभएको बेला दुःख दिने श्रीमतीहरूलाई परदेशबाट फर्किए पछि पानी नाध्न लगाएर दण्डित गरेका छन् । पानी नाध्न लगाउनु एउटा अनुष्ठान हो । आचरण हो । धर्म हो ।

नराम्रो काम गर्ने दण्डित हुनुपर्छ । लोककथामा दण्डित गरिएको उदाहरण पाइन्छ, "जेठाले यो पानी नाध भनेर जेठीलाई भन्दा पानी नाध्न नसकेर उसको मृत्यु भयो (पृ. ३३) ।" यसैगरी पालैपालो अन्य पाँचवटी भाउजू पनि पानी नाध्न नसकेर मर्छन् । माया गर्ने कान्छी मात्रै बच्दछे ।

यो लोककथामा जिम्मेवारी, माया, हेला, सहयोग, दण्डजस्ता लोकधर्मको प्रयोग भएको पाइन्छ । यस्ता लोकधर्म मानवीय र मानवेत्तर पात्र दुवैले पालन गरेका छन् ।

## लोककथामा प्रयुक्त लोकरीति

लोकको आफ्नो जीवनशैली हुन्छ । लोकाचार हुन्छ । जीवनशैली तथा लोकचार नै लोकरीति हो । 'सात भाइकी एक बहिनी' लोककथामा माया र घृणा वा हेलाको लोकरीति प्रयुक्त छ । यसरी लोकरीति सकारात्मक र नकारात्मक प्रकारको देखिन्छ ।

दाइहरू र कान्छी भाउजूले बहिनीलाई माया गर्छन् । तर छ वटी भाउजूले दुःख दिनुसम्म दिन्छन् । त्यसो त नन्द र भाउजूका बीचमा हाम्रो समाजमा राम्रो सम्बन्ध भएका उदाहरण पनि पाइन्छ र राम्रो सम्बन्ध नभएका उदाहरण पनि पाइन्छन् ।

सातमध्ये छ जनाले दिनु दुःख दिएका छन् । उनीहरूले अबोध बालिकालाई चाल्नामा पानी ल्याउन लगाए । बिना नाम्लो र डोको दाउरा

ल्याउन पठाए । बाघको दुध खोज्न पठाए । काँडा भएको फूल लिन पठाए । ती भाउजूहरूले नन्दमाथि अमानवीय व्यवाहर गरे । उनीहरू उसलाई मार्न चाहन्छन् । त्यसैले दुर्व्यवाहर गरेर दुःख दिएका छन् ।

सातमध्ये कान्छीले मात्रै माया गरेकी छ । जङ्गलमा बहिनीलाई भेटेका दाजुहरूले केही थाहा नपाएजस्तो गरेर घरमा बहिनीको खोजी गर्छन् । उनीहरूले बहिनी र श्रीमती दुवैपक्षलाई शंकाको सुविधा दिएका छन् । पानी नाध्न लगाएर परीक्षा लिन्छन् । दुःख दिएका र झुटो बोलेका छ वटी भाउजूहरू पानी नाध्दा मृत्युवरण गर्दछन् भने कान्छी भाउजूले मात्रै पानी नाध्न सक्छे । यसबाट के प्रष्ट हुन्छ भने अन्याय गर्नेहरू दण्डित हुनुपर्छ । राम्रो व्यवाहर गर्नेहरूलाई सबैले सहयोग गर्दछन् । यस्तै कथामा माछाले पानी ल्याउन सहयोग गर्नु, सर्पले दाउराको भारी ल्याउन सहयोग गर्नु र बाघका बच्चाले दुध ल्याइदिएर सहयोग गर्नुजस्ता घटनाहरू आएका पाइन्छन् । यी सबै कुराहरू लोकरीति हुन् ।

यसरी लोककथामा सकारात्मक र नकारात्मक दुई थरी लोकरीतिको प्रयोग भएको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत आलेखमा गुल्मी जिल्लाको गुल्मी दरबार क्षेत्रमा प्रचलित 'सात भाइकी एक बहिनी' शीर्षकको लोककथाको लोकविश्वासका कोणबाट पाठपरक अध्ययन गरिएको छ । अध्ययन स्वैरकल्पना, जादु, लोकधर्म, व्यक्तित्वकरण र लोकरीतिजस्ता मानदण्डहरूको आधारमा गरिएको छ । यो लोककथामा यस्ता लोकविश्वास पाइएको निष्कर्ष निकालिएको छ ।

चाल्नामा पानी लिन पठाउनु र माछाको चाल्नाको प्वालमा बसेपछि पानी ल्याउन सक्नु, बिना डोको र नाम्लो एक भारी दाउरा ल्याउन पठाउनु र सर्पको सहयोगले ल्याउनु, बाघ दुध लिन पठाउनु र बाघकै बच्चाको सहयोगमा दुध ल्याउनुजस्ता स्वैरकल्पना लोककथामा आएका छन् । दाइहरूले बहिनीको जिम्मा भाउजूहरूलाई लगाएर कमाउन परदेश जानु, कान्छीले माया गर्नु, फर्केर आए पछि पानी नाध्न लगाएर दण्ड र पुरस्कार दिनु आदि लोकधर्मको पालन यो कथामा भएको छ । यसैगरी माछा नदेखिने गरी चाल्नाको प्वालमा बस्नु, सर्प नदेखिने गरेर नाम्लो र जिउरो बन्नु, बहिनी बाकसमा लुक्न सक्नु जादुका कुरा हुन् । अप्ठ्यारोमा परेकी नन्दलाई माछा, सर्प र बाघका बच्चाले सोधेर सहयोग गर्नु उनीहरूको व्यक्तिकरण हो । भाउजूहरूले माया र हेला गर्नु, दाइहरूले बिहे गरेर बहिनी जिम्मा लगाउनु, पानी नाध्न लगाएर दण्ड र पुरस्कार दिनु आदि लोकरीति हो । यी दृष्टान्तबाट 'सात भाइकी एक बहिनी'लोककथामा स्वैरकल्पना, लोकधर्म, व्यक्तित्वकरण, लोकरीतिजस्ता लोकविश्वासपाइने निष्कर्ष निकाल्न सकिन्छ ।

शिक्षा र मनोरञ्जन दिने मुख्य प्रयोजनले रचिने लोककथामा आउने लोकविश्वासले कथालाई रोचक बनाउन सहयोग पुऱ्याएको निष्कर्ष पनि यो अध्ययनबाट निकाल्न सकिन्छ ।

## सन्दर्भ ग्रन्थसूची


अर्याल, कमल (२०६३). "सात भाइकी एक बहिनी" ईश्वरी स्मारिका. माधव पन्थी (सम्पा.). गुल्मी : ईश्वरी माध्यमिक विद्यालय ।

घर्ती, दुर्गाबहादुर (२०७९). "नेपाली लोकवार्ताको सन्दर्भमा नेपाली लोकजीवन : लोकजीवन", *स्मृतिमा डा. हंसपुरे सुवेदी : लोकवार्ताको सिंहावलोकन. कृष्णप्रसाद भण्डारी (सम्पा.).* काठमाडौँ : अभियान प्रिन्टिङ हाउस. पृ.१३४-१३९ ।

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य*

*समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

नेपाली विषय, दर्शानाचार्य-विद्यावारिधि तहको पाठ्यक्रम (२०७८).नेपाली (७०५).लोकवार्ता र लोकसाहित्य. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय. पृ.१६-१९ ।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* काठमाडौँ : वीणा प्रकाशन प्रालि ।

पराजुली, मोतीलाल (२०७१). *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०८०). *नेपाली लोकसाहित्यका रूपरेखा.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०७७)."अनौठा नेपाली लोकविश्वास".काठमाडौँ : रिपोटर्स नेपाल डटकम ।

पौड्याल, षडानन्द (२०७८). *नेपाली लोकविश्वास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७४). *नेपाली लोकसाहित्य* (चौथो संस्क.). काठमाडौँ : एकता बुक्स ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, हंसपुरे (२०५५). *नेपाली लोकजीवन : लोकविश्वास.* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, हंसपुरे (२०७९). "लोकधर्म र हलाकर्षण", *स्मृतिमा डा. हंसपुरे सुवेदी : लोकवार्ताको सिंहावलोकन.* कृष्णप्रसाद भण्डारी (सम्पा.). काठमाडौँ : अभियान प्रिन्टिङ हाउस. पृ.२५७ -२६३ ।

सुवेदी, हंसपुरे (२०७९). "टुनामन्तर वा मोहनी", *स्मृतिमा डा. हंसपुरे सुवेदी : लोकवार्ताको सिंहावलोकन.* कृष्णप्रसाद भण्डारी (सम्पा.). काठमाडौँ : अभियान प्रिन्टिङ हाउस पृ.३८५-३९४ ।

शर्मा, मोहनराज (२०६३). समकालीन समालोचना सिद्धान्त र प्रयोग. काठमाडौँ : अर्क्सफोड इन्टर नेसनल पब्लिकेसन ।

--- (२०६६). आधुनिक उत्तरआधुनिक पाठकमैत्री समालोचना. काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

## परिशिष्ट : एक

## सात भाइकी एक बहिनी

एउटा गाँउमा सात भाइ छोरा थिए । उनीहरुकी एउटी मात्र बहिनी थिइन् । ती सात भाइ विवाह गरेर परदेश गएका थिए । सातवटी भाउजूहरुमध्ये एउटी कान्छी चाहिँ गतिली र मायालु थिइन् । एक दिन ६ वटी भाउजूले ती गतिली नन्दलाई भने, "जा राँड ! चाल्नामा पानी लिएर आइज ।"

ती सात भाइकी बहिनी चाल्नो लिएर खोलामा पानी लिन गइन् । उनले चाल्नामा पानी हाल्दा सबै चुहेर भ्याइयो । जति पानी राख्दा पनि उति चुहिएको देखेर उनी धुरुधुरु रुन थालिन् । उनी रोएको देखेर माछाहरुले सोधें, "किन रोएको?"

ती बहिनीले जवाफ दिइन्, "सातभाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिन दुःख दिएका छन् ।"

यो भनेको सुन्दा माछाहरूले भने, "अब तिमी नरोऊ । हामी तिमीलाई सहयोग गर्नेछौँ । हामी चाल्नाका सम्पूर्ण दुलोमा बस्छौं अनि तिमीले पानी चाल्नामा भरेर लैजाऊ । तिम्रो घरमा पुगेपछि हामी सुटुक्क आउँछौँ ।"

बहिनीले 'हुन्छ' भनिन् । घर पुगेपछि ती माछाहरू सुटुक्क खोलामा आए । त्यसपछि छ वटी भाउजूहरुले भने, "मर्ली भनेको यो राँडले त चाल्नामा पानी ल्याइ है ।"

अर्को दिन फेरी छ वटी भाउजूले भनें, "ए राँड !

बिना नाम्लो बिना डोको एक भारी दाउरा लिएर आइज ।"

उनी सरासर वनमा गइन् । वनमा गएर उनले एक भारी दाउरा काटिन् । भारी बोक्दा न त नाम्लो छ न त डोको छ । त्यसपछि उनी धुरधुरु रुन थालिन् । त्यसरी रोएको दुईवटा सर्पले देखेर किन रोएको भनी सोधें । अनि के भयो भनेर सोधें । बहिनीले भनिन्, "सात भाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिन दुःख दिन्छन् ।"

यस्तो सुनेर सर्पले भनें, "हामी दुईमध्ये एउटालाई जिउरो बनाइ बान अनि अर्कोलाई नाम्लो बनाई बोकी घर लैजाऊ । घर पुगेपछि हामी सुटुक्क वन आउँछौं ।"

बहिनीले 'हुन्छ' भनेर भारी बोकेर घर आईन् । घर पुगेपछि ती दुई सर्प सुटुक्क वन फर्किए । बिना नाम्लो र डोको भारी ल्याएको देखेपछि छ वटी भाउजूहरूले भनें, "मर्ली भनेको त यो राँडले त बिना नाम्लो बिना डोको दाउराको भारी ल्याई है ।"

अर्को दिन उनीहरूले अह्राए, "जा राँड बाघको दुध लिएर आइज ।"

बाघको दुध ल्याउन भनेर वनमा पुगेकी बहिनी धुरुधुरु रुन थालिन् । त्यसरी रोएको बाघका छोराछोरी आएर सोधें, "किन रोएको ?"

उनले भनिन्, सात भाइ दाजु परदेशै छन्, छ वटी भाउजूले दिन दुःख दिएका छन् ।" त्यसपछि बाघका छोराछोरीले भने, "तिमी अहिले यही बस । हामीगएर आमासँग पातमा दुध मागेर ल्याइदिन्छौं । अनि ख्याल गर राति यहाँ ढुङ्गा हजम, माटो हजम भनेर आउँछन् । नडराइ बसे है ।"

बहिनीले हुन्छ भनिन् । उज्यालो भएपछि बाघका छोराछोरीले पातमा दुध ल्याइदिए । बाघको दुध पनि ल्याएको देखेपछि भाउजूहरुले भने, "मर्ली भनेको यो राँडले त बाघको दुध पनि ल्याई ।"

त्यसको भोलिपल्ट फेरि भाउजूहरुले बहिनीलाई भने, "जा राँड काँडा भएको फूल टिपेर लिएर आइज ।"

अनिबहिनी केही नबोली वनतिर लागिन् । जाँदाजाँदा काँडाको फूल देखिन् अनि उनी त्यो फूल टिप्न रुखमा चढिन् । उनलाई काँडाले पनि कोतऱ्यो । तर पनि उनले अलिकति फूल टिपिन् । त्यहीबेला उताबाट सातजना मानिसहरु आएअनि त्यही काँढाको फूलको बोटमुनि उनीहरुले खाना पकाएर खाँदा रुखमा बसेकी बहिनीको आँखाबाट आँसु खस्यो । एक ढिक्का आँसु साइला दाजुको भागमा पऱ्यो । उनीमाथि फर्केर हेर्दा आफ्नी बहिनीलाई देखे ।

उनले सबै दाइहरूलाई भनेर बहिनीलाई सोध्छन्, "बहिनी ! तिमी यहाँ किन आएको ?"

बहिनीले जवाफ दिदैं भनिन्, "मलाई भाउजूहरूले काँडाको फूल ल्याउन भनेकाले यहाँ आई रूखमा चढेकी हुँ ।"

त्यो थाहा पाए पछि दाइहरू बहिनीलाई बाकसमा लुकाएर घर ल्याए । घर आएपछि जेठो दाइले जेठीलाई सोध्यो, "ए जेठी ! बहिनी खोइ ?"

जेठीले जवाफ दिई, "भरखरै यहीँ चारी खेल्दै हुनुहुन्थ्यो । कता जानुभएछ कुन्नि ?" दाइहरूले चाल पाइहाले । ती सातभाइ र भाउजुहरूका बीचमा पानी थियो । जेठाले जेठीलाई भने, "ल ! त्यो पानी नाघ त ।"

त्यसरी पानी नाध्दा जेठी मरी । त्यसैगरी पालैपालो क्रमशः अरु पाँचवटीलाई उनीहरुले सोधे । त्यसरी सोधेपछि पानी नाध्न लगाए । सबैजना त्यसैगरी मरे । तर कान्छीले दुःख नदिएकाले उसले पानी नाध्न सकी । दुःख दिनेहरू मरेपछि सात भाइ दाइहरू, कान्छी भाउजू र नन्द सुखपूर्वक बसे ।

**(कमल अर्यालद्वारा सङ्कलित यो लोककथा ईश्वरी मा. वि चारपाला गुल्मीको स्मारिका २०६३ बाट साभार गरिएको हो ।)**